'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ अंक : ५४ सोमवार ०५ कार्तिक, २०८१ 21 (Monday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### उद्योग बाणिज्य संघ निर्वाचन
## प्रदिप भट्टराई नेतृत्वको लोकतान्त्रिक समूह विजयी

भीम रावत
कोहलपुर, कार्तिक/०४



शनिबार कोहलपुरमा सम्पन्न भएको कोहलपुर उद्योग बाणिज्य संघको निर्वाचनमा प्रदिप भट्टराई नेतृत्वको लोकतान्त्रिक समावेशी समूहका उम्मेदवारहरु विजयी भएका छन् । २१ सदस्यीय कार्यसमितिमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष सहित १७ जना लोकतान्त्रिक समूहका उम्मेदवारहरु विजयी भएका छन् । उद्योग तर्फको उपाध्यक्ष, सह-कोषाध्यक्ष र दुई जना सदस्यहरु भने प्रगतिसिल समूका उम्मेदवारहरु विजयी भएका छन् । अध्यक्ष पदमा लोकतान्त्रिक समूहका प्रदिप भट्टराईले १४९ मतान्तरले प्रगतिसिल समूहकी अध्यक्ष पदका उम्मेदवार अन्जना धितालला‌ई पराजित गराए । भट्टराईले ७९५ मत प्राप्त गर्दा धितालले ६४६ मत मात्र प्राप्त गरिन । त्यस्तै वरिष्ठ उपाध्यक्षमा लोकतान्त्रिक समूह कै चण्डी प्रसाद गैरेले प्रगतिसिल समूहका भुपेन्द्र प्रसाद काफ्लेलाई १४१ मतान्तरले पराजित गरे । गैरेले ७८४ मत प्राप्त गर्दा काफ्लेले ६४३ मत मात्र प्राप्त गरे । उद्योग तर्फको उपाध्यक्षमा भने प्रगतिसिल समूहका अर्जुन प्रसाद सुवेदीले लोकतान्त्रिक समूहका हरीशरण के.सी.लाई १ मतले मात्र पराजीत गरेर विजय भए । के.सी.ले ७१५ मत प्राप्त गर्दा सुवेदीले ७१६ मत प्राप्त गरेका हुन । त्यस्तै बस्तुगत तर्फको उपाध्यक्षमा पनि लोकतान्त्रिक समूहकै राकेश बिष्ट विजयी भएका छन् । विष्टले ८४९ मत प्राप्त गर्दा प्रगतिसिल समूहका रुपक कुमार भुँजेलले ५८० मत मात्र प्राप्त गरी पराजित भए । महासचिवमा पनि लोकतान्त्रिक समूहकै दिपक बहादुर भण्डारी ८३५ मत प्राप्त गरी विजयी भए भने उनका प्रतिस्पर्धी प्रगतिसिल समूहका दिपक अर्याललले ५६९ मत प्राप्त गरी पराजित भए। त्यस्तै उपमहासचिवमा पनि लोकतान्त्रिक समूहकै राज कुमार पौडेल ७६५ मत प्राप्त गरी विजयी भएका छन् भने उनका प्रतिस्पर्धी प्रगतिसिल समूहका गोपाल प्रसाद अधिकारीले ६४५ मत प्राप्त गरी पराजित भएका हुन । त्यस्तै कोषध्यक्षमा पनि लोकतान्त्रिक समूहकै भूमिराज कंडेल ७४८ मत प्राप्त गरी विजयी भएका छन् भने उनका प्रतिस्पर्धी प्रगतिसिल समूहका गंगा कुमारी बगाले ६६७ मत मात्र प्राप्त गरी पराजित भइन् । सह-कोषध्यक्षमा भने प्रगतिसिल समूहका टंक प्रसाद खनालले ७७६ मत प्राप्त गरी विजयी भएका छन् । खनालका प्रतिस्पर्धी लोकतान्त्रिक समूहका देविलाल बिश्वकर्माले ६२८ मत प्राप्त गरी पराजीत हुन पुगे । त्यस्तै महिला समदस्यहरुमा लोकतान्त्रिक समूहकै ममता थापा र सीता योगी अधिकारीले क्रमश ७२४र ६३९ मत प्राप्त गरी वजियी भएका छन् । खुला सदस्यहरुमा लोकतान्त्रिक समूहबाट अमृत प्रसाद पौडेल (८५३), गौरब श्रेष्ठ(७५०), असोक गौडेल(७११), किरण प्रसाद श्रेष्ठ(७०८), गिरीधारी शर्मा सुवेदी(६८२), श्रीधर घिमिरे(६७५),किरण कुमार बि.क.(६२९)र नोखरमज रावत (६०६) प्राप्त गरी विजयी भएका छन् भने दुई जना सदस्यहरुमा प्रगतिसिल समूहका अंकित सिग्देल(६७९) र ढक बहादुर थारु(६०९) विजयी भएका छन् । शनिबार निर्वाचन सम्पन्न भए पश्चात राती देखि नै मतगणना शूरु गरिएको र आइतबार बिहान ८ बजे मत परिणामको अन्तिम नतिजा सार्वजनिक गरेको निर्वाचन अधिकृत जगतजंग बुढाथाकीले जानकारी गराए । साथै अधिकृत बुढाथाकीले निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न गराउन सहयोग गर्ने दुबै समूहका उम्मेदवारहरु, सम्बन्धीत राजनीतिक दलहरु तथा सराकारवाला सबै पक्षलाई धन्यवाद समेत दिएका छन् ।

## एकै पालिकाका ४७ जनालाई मोतियाविन्दु



नमस्ते समचारदाता
बाँके, कार्तिक/०३

बाँकेको डुडुवा गाउँपालिका-६ मा २२० जनाको निःशुल्क आँखा परीक्षण गर्दा ४७ जनामा मोतियाबिन्दुको समस्या देखिएको छ । भिजन आँखा अस्पताल नेपालगन्जको आयोजना, किभा फाउन्डेसन र डुडुवा गाउँपालिकाको सहकार्यमा शनिबार सञ्चालन गरिएको निःशुल्क आँखा जाँच शिविरमा ९० जना पुरुष र १३० जना महिला गरेर कुल २२० जना बिरामीको आँखा जाँच गरिएको थियो । त्यस्तै हिरमिनिया स्वास्थ्य चौकीमा सञ्चालन भएको शिविरमा ४७ जनालाई मोतियाविन्दुको समस्या देखिएको कार्यक्रम संयोजक बिज्ञेश मिश्रले जानकारी गराए । मिश्रका अनुसार यो संख्यामा २७ जना पुरुष र २० जना महिला रहेका छन् । स्वास्थ्यकर्मीका अनुसार सबैभन्दा बढी मोतियाविन्दुको समस्या देखिएको छ । शिविरमा अन्य रोगका बिरामीहरु समेतले स्वास्थ्य सेवा लिएका थिए । कार्यक्रमका संयोजक मिश्रका अनुसार डुडुवा गाउँपालिकाका विभिन्न स्थानमा नियमित रूपमा कात्तिक १५ गते सम्म कार्यक्रम सञ्चालन हुनेछ । आँखाको समस्या भएकालाई सो रोग सम्बन्धि औषधी शिविरमै पाउने र चस्मा पनि सहुलियत मूल्यमा पाउने व्यवस्था गरिएको किभा फाउन्डेसनका उपाध्यक्ष रामदिन मोदीले बताए। *बाँकी ३ पेजमा...*

## भेरी किनारमा बन्ने आधुनिक सहरको भवन शिलान्यास

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/०४



नेपाली कांग्रेसका उपसभापति एवं पूर्वरक्षामन्त्री पूर्णबहादुर खड्काले भेरी नदीको किनारमा बन्ने आधुनिक सहरको भवन शिलान्यास गरेका छन् । उनले आइतबार एक कार्यक्रमका बिच सुर्खेतको गुर्भाकोट नगपालिका-१२, शुभाघाट भेरीगंगा उपत्यकामा बन्ने आधुनिक सहर आयोजनाको भवनको शिलान्यास गरेका हुन् । खड्काले शिलान्यास पश्चात् भेरीगंगामा आधुनिक सहरले पूर्ण आकार लिन अझै २५ वर्ष लाग्ने बताए । करिब २२ अर्ब लागत लाग्ने अनुमान गरिएको आधुनिक नयाँ सहर आयोजना नेपालमा परिकल्पना गरिएका ५० भन्दा बढी सहरमध्ये सबैभन्दा ठुलो भूगोल छ । खड्काले विभिन्न कारणले मुलुकको अर्थतन्त्र दयनीय रहेको बताउँदै ऋणपत्र जारी गरेर मुलुक चलाउनु परेको बताए। जसका कारण विकासका काममा केही समस्या भइरहेको उनको भनाइ छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्रान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय




## तेश्रो जनआन्दोलनको रुप लिन सक्छ

नेपालमा खास–खास समयमा भएका आन्दोलनहरुले ठूलै परिवर्तनहरु ल्याएका छन् । बि.स.२०४६ सालको आन्दोलनले नेपालमा तीस वर्षे निरंकुश पञ्चायती व्यवस्था फालेर बहुदलीय व्यवस्थाको स्थापना गऱ्यो। माओवादीको दश वर्षे सशस्त्र जनयुद्धको बलमा भएको २०६२/०६३ को जनआन्दोलनले नेपालमा अढाई सय वर्ष देखि कायम रहेको राजतन्त्र नै समाप्त गरिदियो र नेपालमा राज्यको पुन संरचना सहित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा पुऱ्यायो । संघीय लोकतान्त्रिक व्यवस्था आए पश्चात जनताको चेतना र प्रविधिमा फट्को नै माऱ्यो। कुनै पनि नेताले वा राज्यको निकायहरुले केही बदमासी गर्ने वित्तिकै जनताले थापा पाउन सक्ने भए । अब नेताले जनतालाई ढाँटेर खाने दिन बिस्तारै सकिदैछन् । सहकारी ठगी सम्बन्धी छानबिन गर्न गठन गरिएको संसदीय छानबिन समितिले रवि लामिछाने आफू सहभागि वा संलग्न रही सहकारीबाट कुनै पनि रकम ल्याएको प्रमाणहरु नपाइएको प्रतिवेदन सरकारलाई बुझाएको थियो । तर पनि वर्तमान सरकारले सहकारीको रकम ठगी गरेको आरोप लगाएर शुक्रबार रवि लामिछानेलाई पक्राउ गऱ्यो। उता सहकारीको रकम अपचलन गरेको प्रमाण भएका भनिएका काँग्रेसका धनराज गुरुङ र एमालेको ऋषिकेश पोखेललाई उन्मुक्ती दिएको छ। यो घटनाले राष्ट्रिय स्वतन्त्र पार्टीका नेता कार्याक्रथाहरु मात्र होइन, आम स्वतन्त्र नागरिकहरु पनि सरकारको यो दोगला प्रवृत्तिको विरुद्ध आन्दोलनमा उत्रिएका छन् । यो आन्दोलनलाई सबै भ्रस्टाचारीहरुलाई र तीनलाई संरक्षण गरिरहेका राजनीतिक दल तथा तिनका नेताहरुलाई अब सकाउनै पर्छ भन्दै यो आन्दोलनलाई निलो आन्दोलनको संज्ञा दिइरहेका छन्। यदि यो शान्तिपूर्ण निलो आन्दोलनमाथि सरकारले दमन गरेको यो आन्दोलन रक्तक्रान्तिमा बदलिन पनि सक्ने र नेपालमा तेश्रो जनआन्दोलनको रुपमा विकास हुन सक्ने चेतावनी समेत दिन थालेका छन् ।

# चाडपर्वपछिको अर्थतन्त्र

**कृष्णमणि पराजुली**



> अर्थतन्त्र चलायमान हुन औद्योगिक वातावरण हुनु पर्छ । निर्बाध उद्योगधन्दा, कलकारखाना सञ्चालन हुनु पर्छ । आन्तरिक उत्पादनले अधिकांश आयातलाई विस्थापित गर्नु पर्छ । उत्पादनशील क्षेत्रमा भएको लगानीले अपेक्षित प्रतिफल दिने हुनु पर्छ ।



कृष्णमणि पराजुली

नेपालको अर्थतन्त्र अहिलेसम्म पनि लयमा फर्किसकेको छैन । उद्योग कलकारखाना पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेका छैनन् । व्यापार व्यवसायको अवस्था पनि कमजोर नै देखिन्छ। आन्तरिक उत्पादन न्यून भएकाले आयातबाट नै आवश्यकता पूर्ति भइरहेको छ। निर्यात निराशाजनक भएको र आयात वृद्धि भएकाले देशको आयातनिर्यातमा सन्तुलन हुन सकेको छैन। देशको आर्थिक अवस्था यसरी कमजोर भएको अवस्थामा आमनागरिकले मनाउने दसैँतिहार जस्ता ठुला चाडपर्व यही समयमा पर्न गएका छन्। तिहारमा भन्दा पनि दसैँमा धेरै खर्च हुन्छ । सामान्य मानिसको आयमूलक काम केही नहुने तर खर्च भने गर्नुपर्ने बाध्यताले देशको अर्थतन्त्रमा केही न केही असर परेकै हुन्छ। लामो बिदा हुने भएकाले सबै सरकारी कार्यालयलगायत निजी सङ्गठनसमेत बन्द हुन्छन्। बन्दको समयमा आर्थिक क्रियाकलाप सञ्चालन नहुने भएकाले अर्थतन्त्रमा ठुलो असर परेको हुन्छ । चाडपर्व मनाउनकै लागि भनेर कर्मचारीलाई एक महिनाको थप पारिश्रमिक दिने व्यवस्थासमेत छ। यसले गर्दा दसैँतिहार जस्ता चाडपर्व खर्च उन्मुख भएका हुन्छन् । आफ्नो आर्थिक स्रोत नभए पनि खर्च गर्नैपर्ने भएकाले यो चाडलाई कतिपयले दशाका रूपमा लिने गरेका हुन्छन् । परम्परादेखि नै मनाइँदै आएकाले आफूसँग पैसा नभए पनि ऋण गरेर भए पनि दसैँ मनाउने चलन छ । घरपरिवारका लागि नयाँ लत्ताकपडा, माछामासु, दानदक्षिणा बढी मात्रामा गरिने भएकाले सामान्य मानिसले पनि बढी खर्च गर्नुपर्ने बाध्यता हुन्छ । हुनेखानेले भने झनै बढी खर्च गरेका हुन्छन् । यसरी खर्च भएको रकम सबै अनुत्पादक अथवा उपभोगमा नै खर्च हुन्छ । लामो अवधिसम्म आर्थिक गतिविधि नहुने र अर्कोतर्फ खर्चमा भने वृद्धि हुने भएकाले चाडपर्वपछिको अर्थतन्त्र कमजोर नै हुने गर्छ। चाडपर्वको असर एक क्षेत्रमा मात्र पर्ने नभई सबै क्षेत्रमा अर्थात् देशभर नै हुने भएकाले देशको अर्थतन्त्र कमजोर हुनु स्वाभाविक हुन आउँछ। कमजोर अर्थतन्त्रलाई गति दिन केही समय लाग्ने नै हुन्छ। स्रोतसाधन भएकाका लागि चाडपर्वले असर नगरे पनि न्यून आय हुने र सुका, मोहोर बचत गरेर चाडपर्व मनाउनेका लागि भने समस्या नै हुन्छ । ठुलो जनसंख्या देशबाहिर रोजगारीका लागि गएका पनि चाडपर्व मनाउन स्वदेश फर्किएका हुन्छन् । फर्किनेले त केही न केही खर्चको व्यवस्था गरेकै हुन्छन् र नफर्किनेले पनि चाडपर्व मनाउन पैसा पठाएकै हुन्छन् । यसरी विदेशबाट आएको पैसाले दसैँतिहार जस्ता चाडपर्व मनाउनमा नै खर्च भएको हुन्छ । जति पनि चाडपर्वका लागि खर्च हुन्छ त्यो सबै अनुत्पादक तथा उपभोगमा नै खर्च हुने भएकाले यस अवधिमा उत्पादनमूलक आर्थिक गतिविधि प्रायः शून्यकै अवस्थामा हुन्छन् । देशबाहिर गएका स्वदेश फर्किने र स्वदेशमा नै कुनै व्यापार, व्यवसाय तथा रोजगारी गरेका पनि आफ्नो घर फर्किंदा देशभित्र आर्थिक गतिविधि चलायमान भएको हुन्छ। पर्व मनाइरहँदा आर्थिक स्थिति कमजोर भएका पनि कमजोर जस्ता देखिँदैनन्। किनभने सबैले मन फुकाएर खर्च गरेर दसैँतिहार मनाएका हुन्छन् । निश्चय नै दसैँतिहारमा देशभर आर्थिक क्रियाकलाप बढेका जस्ता देखिन्छन् । मानिससँग भएको पैसा, सरसापटी र ऋण लिएको पैसाले बजार निकै चलायमान हुन्छ। दसैँको रौनक नपुगेको कुनै ठाउँ हुँदैन। मानिसको हातहातमा केही न केही पैसा हुन्छ । सानादेखि ठुला मानिसले पैसा खर्च गर्ने हुनाले कोही पनि आर्थिक अभावमा परेका जस्ता देखिँदैनन् । यो केही समयका लागि क्षणिक अवस्था मात्र हो । केही दिनपछि भएको पैसा सकिने र त्यसपछि पनि आर्थिक गतिविधि सञ्चालनमा आउन समय लाग्ने नै भएकाले चाडपर्वको असर पछिसम्म पर्ने नै हुन्छ । चाडपर्वको समयमा अर्थतन्त्रको स्वरूप अलि फरक भएको हुन्छ । अवधि र स्रोत सीमित भए पनि अर्थतन्त्र चलायमान भएको जस्तो देखिन्छ । किनभने आर्थिक गतिविधि विस्तार भएका हुन्छन्। व्यापार व्यवसाय सञ्चालन गर्नेले बढी नाफाको खोजीमा बढी बिक्री हुने सामान ल्याएका हुन्छन्। विदेशबाट बढी मात्रामा आयात गरिने भएकाले धेरै मात्रामा विदेशी मुद्रा भुक्तानी भएको हुन्छ। यो अवधिमा पुँजीगत तथा निर्माण सामग्री आयात हुँदैनन् । आयात हुने भनेका नै उपभोग्य वस्तु तथा सामान हुन् । अधिकांश आयात वस्तु चालुगत प्रकृतिको हुने भएकाले यी खर्चले अर्थतन्त्रमा योगदान दिँदैनन् । लत्ता कपडा, खाद्यान्न, माछामासु, दानदक्षिणा जस्ता खर्चले उपभोग नै बढाउने हुन् र अर्थतन्त्रमा योगदान गर्न सक्दैनन् । चाडपर्वमा देशभरि नै आर्थिक गतिविधि देखिने भएकाले देशको अर्थतन्त्र चलायमान हुन जान्छ भन्ने धेरैको बुझाइ हुन्छ, त्यस्तो होइन। अर्थतन्त्र चलायमान हुन औद्योगिक वातावरण हुनु पर्छ । निर्बाध उद्योगधन्दा, कलकारखाना सञ्चालन हुनु पर्छ। आन्तरिक उत्पादनले अधिकांश आयातलाई विस्थापित गर्नु पर्छ । उत्पादनशील क्षेत्रमा भएको लगानीले अपेक्षित प्रतिफल दिने हुनु पर्छ । बजारमा माग बढ्नु पर्छ । माग बढ्नु भनेको जनताको क्रयशक्ति बढ्नु हो । चाडपर्वको अर्थतन्त्र भनेको जनताको क्रयशक्ति नभए पनि खर्चमा वृद्धि हुनु हो । छोटो समयमा गरिने यसप्रकारका खर्च स्थायी आम्दानीका स्रोतबाट प्राप्त नभई खर्च टार्नका लागि ऋण तथा सापटी लिएर खर्च गरिएका हुन्छन् । अहिले दसैँमा अर्थतन्त्र चलायमान हुन्छ भन्ने एकप्रकारको धारणा भएको पाइन्छ । अर्थतन्त्र चलायमान हुने होइन तर आर्थिक गतिविधि भने निश्चय नै बढेका हुन्छन् । किनभने व्यापारीको व्यापार बढेको हुन्छ। उनीहरूले राम्रो आम्दानी गरेका हुन्छन् । उत्पादनकर्ताले पनि बजारमा माग बढेकाले आफ्नो उत्पादन बढाएका हुन्छन् । यस्ता आर्थिक गतिविधि चाडपर्वमा मात्र हुने गर्छन् । यी कारणले अर्थतन्त्र चलायमान बनाउने होइनन् । अर्थतन्त्र चलायमान हुन लगानीमा वृद्धि हुनु पर्छ । उत्पादनशील क्षेत्रमा लगानी भएको रकमले अतिरिक्त आय दिन सक्ने हुनु पर्छ । अहिलेको यो अवस्था होइन, खर्च गर्दैमा अर्थतन्त्र चलायमान हुने होइन। यसका लागि त उत्पादनशील क्षेत्रमा लगानी प्रवाह भएर राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्नु पर्छ। अहिलेको खर्च उत्पादनमुखी होइन, खर्चका लागि खर्च मात्र हो । अब प्रश्न आउँछ दसैँपछिको अर्थतन्त्र कस्तो होला ? दसैँमा आर्थिक गतिविधि बढेको देखिए पनि तिनीहरू दिगो प्रकृतिका हुँदैनन् । चाडबाड सकिनासाथ सेलाएर जाने गर्छन् । छोटो अवधिमा गर्जो टार्न गरिएका खर्च केवल उपभोगमुखी मात्र हुन्छन् र आम्दानी बढाउने खर्च होइनन्। पटके खर्चले स्थायित्व ल्याउन सक्दैनन् । त्यसकारण चाडपर्वमा भएको खर्च परिपूर्ति हुन केही समय लाग्ने नै हुँदा यसको असर अर्थतन्त्रमा परी नै रहेको x'5 .

*–गोरखापत्र*


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट



## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।



पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट



## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।



सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

# रवि लामिछानेलाई ६ दिन हिरासतमा राख्न अनुमति

नमस्ते समाचारदाता
पोखरा, कार्तिक/०४



सहकारी ठगी आरोपमा पक्राउ परेका पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई अनुसन्धानका लागि ६ दिन म्याद थप भएको छ। पोखराको सूर्यदर्शन सहकारी रकम अपचलन प्रकरणमा लामिछाने पक्राउ परेका लामिछानेलाई जिल्ला अदालत कास्कीमा आज पेश गरिएको थियो। शुक्रबार काठमाडौं वनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयबाट पक्राउ परेका लामिछानेलाई सोही दिन राति पोखरा पुऱ्याइएको थियो। शनिबार सार्वजनिक बिदा परेकाले उनलाई आजमात्रै अदालतमा पेश गरिएको थियो। उनलाई अदालतमा पेश गर्नअघि पोखराको सहिदचोकमा ठूलो संख्यामा कार्यकर्ता जम्मा भएका थिए भने राष्ट्रबैंक चोकमा सहकारी पीडित जम्मा भएका थिए। जिल्ला प्रशासन कार्यालयले सम्भावित स्थिति नियन्त्रण गर्न सहिदचोक आसपासका क्षेत्रमा अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको थियो। उक्त निषेधाज्ञा तोडेर नाराबाजी गर्ने क्रममा प्रहरीसँग धकेलाधकेल समेत भएको थियो भने प्रदर्शनकारी माथि प्रहरीले पानीको फोहोरा र अश्रुग्यास प्रहार गरेको थियो।

# ढुङ्गाले च्यापिएर बालकको मृत्यु

नमस्ते समाचारदाता
रुकुमपश्चिम, कार्तिक/०४



रुकुमपश्चिमको बाँफिकोट गाउँपालिका-५ स्थित छारखोलामा खेल्न गएका एक बालकको खोलामै ढुङ्गाले च्यापिएर मृत्यु भएको हो। डोल्पाको ठूलीभेरी नगरपालिका-९ डाँगीबारा निवासी वीरचन्द्र डाँगीको छोरा ८ वर्षीय संस्कार डाँगीको मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय रुकुमपश्चिमका प्रहरी नायब उपरीक्षक नवराज पोखरेलका अनुसार बाँफिकोट गाउँपालिका-५ स्थित छारखोलामा शनिबार दिउसो खेल्न गएका बालक डाँगीको खोलामै ढुङ्गाले च्यापिएर मृत्यु भएको थियो। खोलामा खेल्ने क्रममा बालकले टेकेको ढुङ्गा पल्टिएको र सोही ढुङ्गाले च्यापिएर बालकको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। बालक डाँगी डोल्पाबाट बाँफिकोटमा रहेको मामा घर आएका थिए। घटनाको सूचना पाए लगत्तै जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक ऋषि पाठकको नेतृत्वमा प्रहरीको अनुसन्धान टोली घटनास्थल गएको थियो। प्रहरीले आवश्यक कानुनी प्रक्रिया पूरा गरेर घटनाको थप अनुसन्धान सुरु गरेको जनाएको छ।

## एकै...

मोदीले आँखाको अप्रेसन गर्नुपर्ने भएमा नेपालगञ्ज स्थित भिजन आँखा अस्पतालले ५० प्रतिशत सम्मको छुट उपलब्ध गराउने गरी सहकार्य भएको समेत जानकारी गराए। यस्तै अस्थायी स्वास्थ्य केन्द्र दलैपुर र कम्दी स्वास्थ्य केन्द्रमा निःशुल्क आँखा जाँच शिविर सञ्चालन हुने तयारी पनि चलिरहेको समेत मोदीले जानकारी गराएका छन्।

रोगबाट बच्ने उपायहरू

- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाह्य जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिशा पिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि,

साबुन पानीले मिचिमिचि हात धोऔं, रोगबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जलन पीडितको सरकारले निःशुल्क उपचार गर्ने

नमस्ते समाचारदाता
काठमाडौं, कार्तिक/०४



सरकारले उपचार खर्च गर्न बेहोर्न नसक्ने जलन पीडित बिरामीहरुको निःशुल्क उपचार गर्ने निर्णय गरेको छ। आइतबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले कस्मेटिक बाहेकको जलन उपचारको व्यवस्था निःशुल्क गर्ने निर्णय भएको जानकारी दिए। सरकारले कोशी प्रदेशमा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेस प्रदेशमा नारायणी अस्पताल, बागमती प्रदेशमा कीर्तिपुर अस्पताल, गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रदेशमा भेरी अस्पताल, कर्णाली प्रदेशको सुर्खेत प्रादेशिक अस्पताल र सुदूरपश्चिम प्रदेशको सेती प्रादेशिक अस्पताल मार्फत निःशुल्क उपचारको व्यवस्था गरिने जनाएको हो। स्वास्थ्य मन्त्रालयको आकलन अनुसार नेपालमा वार्षिक ५७ हजार व्यक्तिहरु जलनबाट प्रभावित हुने गरेका छन्। हालसम्म जलनको उपचार कीर्तिपुर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन अस्पताल र सुस्मा मेमोरियल अस्पतालमा मात्र हुँदै आएको छ। वीर अस्पतालले लामो समयदेखि बन्द रहेको बर्न युनिट यही भदौदेखि सञ्चालनमा ल्याइसकेको छ।

# सुदूरपश्चिम प्रदेश : सात वर्षमा तीस वटा ऐन संशोधन

नमस्ते समाचारदाता
धनगढी, कार्तिक/०४

सुदूरपश्चिम प्रदेश सरकारले सात वर्षमा ३० वटा प्रदेश ऐन संशोधन गरेको छ। ऐन कार्यान्वयनका क्रममा देखिएका कठिनाइ सहज बनाउन र बनेका ऐनलाई थप परिष्कृत गर्न धेरैजसो ऐन संशोधन गरिएको हो। प्रदेश सभाको पहिलो कार्यकालमा ६७ र दोस्रो कार्यकालको हालसम्म आठ वटा गरी जम्मा ७५ वटा ऐन बनेको प्रदेश सभा सचिवालयले जानकारी दिएको छ। बनेका ऐनमध्ये ४५ वटा मूल ऐन र बाँकी सबै संशोधन ऐन रहेको प्रदेश सभा सचिवालयका सूचना अधिकारी युवराज जैसीले जानकारी दिनुभयो। यसबाहेक एउटा अध्यादेश जारी भएको छ। चालु आर्थिक वर्षको बजेट पास हुन नसकेको बेला राजस्व सङ्कलनका लागि सुदूरपश्चिम प्रदेश सामायिक राजस्व सङ्कलनसम्बन्धी अध्यादेश-२०८१ जारी गरिएको थियो। प्रदेश सभाको पहिलो कार्यकालमा धेरै मूल ऐन बनेका थिए। दोस्रो कार्यकालमा हालसम्म एउटा मूल र बाँकी सबै संशोधन ऐन बनेका छन्। प्रदेश सभा सचिवालयका अनुसार प्रदेश सभाको दोस्रो कार्यकालको दोस्रो वर्षमा सुदूरपश्चिम प्रदेश सामयिक राजस्व सङ्कलनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक-२०८१ मूल ऐनका रूपमा प्रदेश सभाबाट पारित भएको छ। भदौ १८ गते प्रदेश सभाबाट पारित यो विधेयक असोज १ गते प्रमाणीकरण भएको थियो। प्रदेश सभाको दोस्रो कार्यकालमा ऐन, कानुन निर्माण सुस्त देखिएको छ। एक वर्षसम्म मूल ऐन बनाउन नसकेको प्रदेश सरकारले दोस्रो वर्षमा मात्रै नयाँ एवं मूल ऐन बनाएको हो। अहिलेको प्रदेश सभाबाट सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन-२०७९ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७५ लाई संशोधन गर्न बनेको विधेयक, सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन-२०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित भएको छ। यस्तै सुदूर पश्चिम प्रदेश आर्थिक ऐन -२०७९ लाई संशोधन गर्न बनेको विधेयक दोस्रो कार्यकालको प्रदेश सभाबाट पारित भएको छ। यसै गरी सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन-२०७६ संशोधन गर्न बनेको विधेयक र सुदूरपश्चिम प्रदेश स्थानीय सेवा गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा विचाराधीन अवस्थामा रहेका छन्। यसअघिको पहिलो प्रदेश सभाको कार्यकालमा प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिकसम्बन्धी ऐन, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड ऐन, सुदूरपश्चिम प्रदेश खेलकुद ऐन लगायतका ऐन संशोधन गरिएको थियो। यो प्रदेशमा प्रदेश लोक सेवा आयोग ऐन तीन पटक संशोधन भइसकेको छ। पछिल्लो पटक प्रदेश लोक सेवा आयोग ऐन-२०७६ लाई संशोधन गर्न बनेको विधेयक (तेस्रो संशोधन) २०७८ भदौ १६ गते प्रदेश सभाबाट पारित भएको थियो।



# स्वास्थ्य क्षेत्रमा सुधार ल्याउने योजना

■ नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/०४




कर्णाली प्रदेशको स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन प्रदेश सरकारले विभिन्न योजना अघि सारेको छ । सरकारले नसर्ने रोग, कलिलै उमेरमा आमा हुने समस्या र घरमा सुत्केरी हुने दर घटाउने योजना अगाडि सारेको छ । प्रदेश स्वास्थ्य सेवा निर्देशनालयले सुर्खेतमा आयोजना गरेको आर्थिक वर्ष २०८०/८१ मा सम्पादित स्वास्थ्य कार्यक्रमको समीक्षा कार्यक्रममा यो योजना अगाडि सारिएको हो । पछिल्लो समय रक्तचाप, मधुमेह, क्यान्सरजस्ता नसर्ने रोगका साथै मानसिक रोगको समस्या बढ्दै गएको छ । गाउँबस्तीमा मानसिक रोग र नसर्ने रोग बढ्दै गएकाले आगामी दिनमा यी रोग निदानका लागि बजेट र कार्यक्रम सहितको योजना सञ्चालन गर्नुपर्नेमा एकमत भएको निर्देशनालयले जनाएको छ । यस्तै २० वर्ष नपुग्दै आमा हुने प्रवृत्तिले स्वास्थ्य समस्या जटिल बन्दै जाँदा बालविवाह न्यूनीकरणलगायतका कार्यक्रमलाई पनि समन्वयका साथ प्रदेशभरका सबै स्थानीय तहसँग काम गर्ने योजना पनि बनाइएको छ । कर्णालीमा संस्थामा सुत्केरी हुने दर पनि घटेको छ । गाउँगाउँमा बर्थिङ सेन्टर स्थापना गरिए पनि मापदण्ड अनुसारका नभएकाले घरमै सुत्केरी हुने दर केही बढेकाले अब बर्थिङ सेन्टरलाई मापदण्ड अनुसार बनाउने र दक्ष जनशक्ति पूर्ति गर्ने योजना पनि समीक्षा कार्यक्रममा गरिएको निर्देशनालयका निर्देशक डा. रविन खड्काले बताउनुभयो । विगत वर्षको तुलनामा कर्णालीमा ८ प्रतिशतले घरमा सुत्केरी हुने दर बढेको छ । संस्थामा सुत्केरी हुने दर बढाउने कार्यक्रमलाई प्राथमिकता दिन पनि समीक्षाले निष्कर्ष निकालेको जानकारी उहाँले दिनुभयो । साथै कर्णालीका बालबालिका आफ्ना अभिभावक रोजगारका लागि भारततिर जाने हुँदा बालालिकाले पूर्ण खोप पनि लगाउन छोड्ने समस्या पनि बढ्दै गएकाले पूर्ण खोप लगाउनका लागि पहल थालिने छ । स्वास्थ्य निर्देशक डा. खड्काले प्रदेश पूर्ण खोपयुक्त भइसक्दा पनि बालबालिका पूर्ण खोपबाट छुटेकाले उनीहरूलाई सबै खोप लगाउन पालिकाहरूलाई आवश्यक समन्वय गरी काम गर्नुपर्ने निर्णय भएको बताउनुभयो ।

**सुर्खेत प्रथम, डोल्पा र हुम्ला दोस्रो**

यसै गरी आर्थिक वर्ष २०८०/८१ मा जिल्लाहरूमा सम्पादित स्वास्थ्य कार्यक्रमका आधारमा सुर्खेतको स्वास्थ्य सेवा कार्यालय प्रथम भएको छ भने हुम्ला र डोल्पा दोस्रो भएको छ । खोप कभरेज, मातृशिशुलगायत विभिन्न १८ वटा स्वास्थ्य सूचक मापनका आधारमा कर्णालीका १० वटा कार्यालयमध्ये सुर्खेत प्रथम र डोल्पा दोस्रो भएको छ । स्वास्थ्य निर्देशक डा. खड्काले स्वास्थ्यका सूचकका आधारमा सुर्खेत विगतमा झैं यस वर्ष पनि प्रथम भएको बताउनुभयो । यस्तै दुर्गम जिल्ला हुम्ला र डोल्पा दोस्रो भएको छ भने जुम्ला तेस्रो भएको छ । सोही अवसरमा प्रदेश अस्पतालका निर्देशक डा. डम्बर खड्का र प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रका प्रमुख डा. शङ्कर रिजाललाई पनि सम्मान गरिएको छ । गत बुधबारदेखि शुक्रबारसम्म सञ्चालन भएको प्रदेशका १० वटै जिल्लाबाट स्वास्थ्य सेवा कार्यालय, जनस्वास्थ्य सेवा कार्यालय र आयुर्वेद स्वास्थ्य केन्द्र तथा स्वास्थ्यसँग सहकार्य गर्ने विकास साझेदारका प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यक्रममा कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले मानसिक स्वास्थ्य समस्यालाई समाधान गर्न अभियानका रूपमा सकारात्मक सोच वृद्धिका लागि सहकार्य गर्न आग्रह गर्नुभएको छ । उहाँले कर्णालीमा जनशक्ति व्यवस्थापनका लागि पनि कर्णाली मोडेलको 'ओएनएम' तयार गर्न लागिएको जानकारी दिनुभयो । स्वास्थ्य र जनस्वास्थ्यलाई छुट्टाछुट्टै गरी कार्यसम्पादनमा सहज बनाउनुपर्ने भन्दै मन्त्री भण्डारीले स्वास्थ्य शिक्षाका लागि जनचेतनामूलक सन्देश प्रवाह गर्न सबै स्वास्थ्यकर्मीले हरेक दिन सामाजिक सञ्जालबाट सन्देश प्रवाह गर्न सुझाव दिनुभयो । पलिकास्तरमा आधारभूत आयुर्वेद सेवालाई प्रभावकारी बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

# कला संस्कृति जोगाउन महोत्सव

■ नमस्ते समचारदाता
नेपालगन्ज, कार्तिक/०४




नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् बाँकेले बाँकेको नेपालगन्जमा महोत्सव गर्ने भएको छ । महासङ्घले आइतबार नेपालगन्जको बौद्ध गुम्बामा एक पत्रकार सम्मेलनको आयोजना गरेर उक्त कुराको जानकारी दिएको हो । नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् बाँकेका अध्यक्ष डम्बरबहादुर थापा मगरले आदिवासी जनजातिका परम्परागत रीतिरिवाज, चाल चलन, कला, संस्कृति, भेषभूषा लगायतका सम्बन्धित सबै कुरा पछिल्लो समयमा हराउँदै जान थालेपछि यसलाई संरक्षण, जगेर्ना र प्रवर्धन तथा प्रचारप्रसार गर्ने उद्देश्यका साथ नेपालगन्जमा महोत्सव आयोजना गर्न लागिएको जानकारी दिनुभयो । 'विश्वभरी फैलिएका हामी जनजाति हामी आदिवासी, जोगाइ राखौं भेषभूषा, भाषा, संस्कृति' भन्ने मूल नाराका साथ यही कार्तिक २९ गतेदेखि मङ्सिर १८ गतेसम्म नेपालगन्जमा 'प्रथम कृषि, पर्यटन प्रवर्धन, व्यापारिक संरक्षण तथा सांस्कृतिक महोत्सव एक्सपो २०८१' सञ्चालन गर्न लागिएको अध्यक्ष थापामगरले जानकारी दिनुभयो । कला तथा संस्कृति संरक्षणसहित संस्थाको भवन निर्माण सहयोगार्थ सञ्चालन गर्न लागिएको महोत्सवमा जाति, जनजाति, कला, संस्कृति संरक्षणका साथै राष्ट्रिय ख्यातिप्राप्त कलाकारहरुले मनोरञ्जन प्रदान गरिने उहाँले बताउनुभयो । अध्यक्ष थापा मगरका अनुसार औद्योगिक तथा व्यापारिकसहित महोत्सवमा २५० स्टल रहनेछन् । महोत्सवभर आदिवासी जनजातिका कला, संस्कृतिसम्बन्धी पौराणिक कला जातीय भेषभूषाको प्रदर्शन गरिने, कृषि पर्यटन हस्तकलासहितका स्टलहरु राखिने, लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा रहेका धार्मिक तथा पर्यटकीय स्टलहरु प्रदर्शनी गरिने तथा जातिय खाना प्रदर्शनी गरिने पनि अध्यक्ष थापामगरले जानकारी दिनुभयो । महोत्सव सफल पार्नका लागि अध्यक्ष डम्बरबहादुर थापा मगरको संयोजकत्वमा मूल आयोजक समिति र सचिव राजन रानामगरको संयोजकत्वमा सचिवालय गठन गरिएको आयोजकले जनाएको छ । आयोजकका अनुसार कृष्ण पुनमगरको संयोजकत्वमा सल्लाहकार उपसमिति, भूपेन्द्र पुनमगरको संयोजकत्वमा सुरक्षा उपसमिति, अजय पुनमगर (गोपाल)को संयोजकत्वमा आर्थिक उपसमिति, सङ्गीता चौधरीको संयोजकत्वमा अतिथि सत्कार उपसमिति, गनबहादुर गुरुङको संयोजकत्वमा झाँकी र्‍याली व्यवस्थापन उपसमिति, सुन्दर गुरुङको संयोजकत्वमा सांस्कृतिक उपसमिति, आइत पुनमगरको संयोजकत्वमा खानेपानी तथा शौचालय उपसमिति, जनक पहराई मगरको संयोजकत्वमा स्वयंसेवक उपसमिति र अशोक थापा मगरको संयोजकत्वमा प्रचार प्रसार उपसमिति गठन गरिएको छ । महोत्सव अवधिभर तीन लाख दर्शकले मेला अवलोकन गर्ने र पाँच करोड बराबरको आर्थिक कारोबार हुने आयोजकले जनाएको छ ।

## डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाडाँलाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं
- अँध्यारा कुना-काप्चामा कीटनाशक औषधी छर्कने गरौं ।
- कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## महत्वपूर्ण कागजात हराएको सूचना ।

मिति २०८१/०१/२३ गते व्याक्तिगत काम विशेष सोरुकोट देखि गमगढी जाने क्रममा व्याक्तिगत फायल भित्र रहेको माइग्रेसन, सर्टिफिकेट, आईडि कार्ड हराएको हुँदा भेटाउनु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय र तपशिल बमोजिमको ठेगानामा सम्पर्क गरिदिन हुन अनुरोध सहित यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

नाम : राजेन्द्र बहादुर छत्याल
ठेगाना : सोरु गाउँपालिका, वडा नं. १, मुगु
**सम्पर्क : ९८६०४३४११८**
**हराएको शैक्षिक प्रमाण-पत्र** : माइग्रेसन, सर्टिफिकेट, आईडि कार्ड (CTEVT अन्तर्गतको डिप्लोमा स्तर General Medicine (H.A))

## नमस्ते कर्णालीमा लेख, रचना पठाउन

namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके